2018, JUL Sunday 1

# विश्व

**खोजी जारी**
थाइल्यान्डको एउटा गुफाभित्र बेपत्ता भएका बालकहरूको खोजीकार्य अझै जारी रहेको छ।



**कारबाही**
अमेरिकाको इन्डियाना राज्यको विमानस्थलमा विमानभित्र विवाद गरेको कारण पाँच जनालाई विमानबाट निकालिएको छ।



## विश्व २ मिनेट

### बेल्जियम
#### बालक विश्वविद्यालयमा

लक्ज्वेमवर्ग, (एजेन्सी)

छ वर्षमा सकिने अध्ययन केवल साढे एक वर्षमा पूरा गरी बेल्जियमका एक ८ वर्षीय बालकले माध्यमिकस्तरको विद्यालयको पढाइ सकाएका छन्। यसरी कलिलो उमेरमै विश्वविद्यालय पुग्ने लरेन्ट सिमोनस नामक यस बालकका बाबु बेल्जियन र आमा डच नागरिक हुन्। आईक्यू अंक १ सय ४५ सहित उनले १८ वर्षका विद्यार्थीसँगै डिप्लोमा हासिल गरेको उनका आमाबुबाले खुसी हुँदै बताएका छन्। लरेन्टले बेल्जियमको आरटीबीएफ रेडियोसँग बोल्दै तथ्याङ्कशास्त्र, ज्यामिती र बिज गणित रहेकाले आफूलाई गणित सबैभन्दा मन पर्ने बताएका छन्।

### जर्मनी
#### ईयूमा ठूलो विवाद

बर्लिन, (एजेन्सी)

युरोपियन युनियन (ईयू) का नेताहरूबीच आप्रवासीका विषयमा भएको नयाँ सम्झौतालाई लिएर गहिरो विवाद देखिएको छ। सम्झौताका अनुसार आप्रवासीलाई राख्नका लागि सुरक्षित केन्द्र स्थापित गर्ने विषयमा सहमति गरिएको छ। तर, फ्रान्स भने यस्तो कुनै केन्द्र बनाउने पक्षमा छैन, किनभने उनको भनाइमा आफ्नो आप्रवासी सबैभन्दा पहिला पुग्ने युरोपेली देश होइन। तर, यस विषयमा इटालीको भनाइ छ कि यस्तो केन्द्र युरोपियन युनियनको कुनै पनि भागमा बनाउन सकिन्छ। युरोपियन युनियनका अध्यक्ष डोनाल्ड टस्कले यो सम्झौता लागू गर्न कठिनाई हुने चेतावनी दिएका छन्।

### अमेरिका
#### विमानबाट निकालिए

फोर्ट वायने, (एजेन्सी)

अमेरिकाको इन्डियाना राज्यको फोर्ट वायने अन्तर्राष्ट्रिय विमानस्थलमा एकल न्युयोर्क निवासी महिलालाई डेल्टा उडानमा रहेको विमानबाटै निकालिएको छ। एयरलाइन्सले ती महिलाले बोकेको मोबाइल विमान मोडमा छ वा छैन भन्ने विवादको कारण यो कदम उठाइनु परेको स्पष्ट पारेको छ। एक फ्लाइट एटेनडेन्टले ती महिलालाई फोनलाई विमान मोडमा राख्न शिष्ट तरिकाले अनुरोध गर्दा उनले जुरुक्क उठेर आफूलाई त्यस्तो कुरा सिकाउनु पर्दैन भन्दै निहुँ खोजेकी थिइन्। उनको पक्षमा वकालत गरेका उनीसहित ४ वयस्क व्यक्ति र एक बालकलाई अन्ततः विमानबाट निकालिएको थियो।

### भारत
#### लिखित परीक्षा

नयाँदिल्ली, (एजेन्सी)

भारतको उत्तर प्रदेशमा कांग्रेस पार्टी अस्तित्वको सधैं संकटपूर्ण स्थितिबाट जुधिरहेका बारे राजनीतिक वृत्तमा प्रायः चर्चा हुने गरेको छ। यही काँग्रेस पार्टीले विहिवार आषना नेताहरूलाई गंभीर संटकमा पुऱ्याएको छ। अबदेखि कैयौं वर्षदेखि राज्यमा प्रवक्ताको जिम्मेवारी निभाएका तथा युवाबाट वरिष्ठ नेता भएकाहरूलाई पनि पार्टी प्रवक्ता बन्नका लागि विशेष परीक्षा प्रणालीमा सहभागी हुनुपरेको छ। सरकारी प्रशासनिक अधिकारीहरूको नियुक्ति प्रक्रियाअनुसार नै तिनीहरूले पहिला परीक्षा दिन र त्यसपछि अन्वारर्ताको प्रक्रिया पूरा गर्नुपरेको छ।

# अंगदान गरी अस्ट्रेलियाली शिक्षक चीनमा हिरो बने

बेइजिङ, (एजेन्सी)

फिलिप ह्यान्कोक चीनमा अग्रेजी भाषा शिक्षकका रूपमा कार्यरत थिए। गत महिना अचान बिरामी परेर उनको मृत्यु भयो। अस्ट्रेलयाली ह्यान्कोकको मृत्युपर्यन्त विभिन्न अंग दान गर्ने निर्णयको चीनभरि निकै प्रशंसा भयो। उनको यस दानी कामको कारण ५ जनाको जीवनमा परिवर्तन भयो। २७ वर्षीय ह्यान्कोकको गत ९ मेमा चोङक्विङ शहरमा टाइप-१ डायबिटिजको जटिलताको कारण निधन भएको थियो। चीनको रेडक्रस सोसाइटीका अनुसार उनी चोङक्विङ शहरमा अंगदान गर्ने पहिलो विदेशी हुन्। साथै उनी चीनभरिमै अंगदान दिने सातौं विदेशी नागरिक बनेका छन्।

ह्यान्कोकका मृगौला र कलेजो तीनवटा ज्यान बचाउने शल्यक्रियामा प्रयोग गरिएको थियो। उनको कोर्नियाको प्रत्यारोपणका कारण दुई जनाले फेरि देख्न सक्ने भए। चीनमा मानव अंगदान अझै लोकप्रिय हुन सकेको छैन। यो विश्वकै सबैभन्दा कम अंगदान दर भएको मुलुक मानिन्छ। अंगदानकै कारण चिनियाँ सामाजिक सञ्जालमा निकै चर्चित हुन पुगेको उनलाई हिरो र देवदूतको समेत संज्ञा दिइएको थियो। एक जनाले सामाजिक सञ्जालमा लेखेका थिए- 'तिमी आफूले बचाएका मानिसमार्फत यो धर्तीमा बाँची रहन्छौं।

४ वर्षदेखि चीनमा बसोबास गर्दै आएका उनी अचानक डायबिटिजको शिकार भएर बिरामी परेका थिए। हतारिएर चीन आइपुगेका उनका परिवारले उनलाई अस्पतालमा अचेत




अवस्थामा मात्र भेट्न पाएका थिए। डाक्टरहरूले तिनीहरूलाई अस्पतला ल्याइँदै गर्दा बाटोमै केहीबेर उनको मुटुको धड्कन रोकिसकेको जानकारी दिएका थिए। थुप्रै अस्पतालमा गरिएका परीक्षणबाट ह्यान्कोकको मष्तिस्क मृत अवस्थामा पुगेको प्रमाण भेटिएको उनका पिता पिटर ह्यान्कोकले बीबीसीलाई बताएका छन्। पिटरले भनेका छन्- 'केही गर्न सकिने स्थिति नै थिएन। हामीलाई उनले प्राण त्यागिसके भन्ने थाहा थियो। छुँदा भने उनी अझै तातै थिए, उनको मुटु धड्की नै रहेको थियो।

डाक्टरहरूले उनलाई लामो समय लाइफ सपोर्टमा राख्दा साथ उनको अंगहरू बिग्रन थाल्ने जानकारी दिए। हामी लाइफ सपोर्ट स्विच अफ गर्ने कि नगर्ने भन्ने अन्योलमा पऱ्यौं। अधिकांश मानिसले आफ्ना अंगदान दिनेबारे जिकिर गर्दैनन्। तर, ह्यान्कोकले जिउँदै छँदा आफू तल-माथि भएमा आफ्ना अंगदान गर्न अनुरोध गरेका थिए। सधैं अरूलाई केही न केही मद्दत गर्न चाहने स्वभावका भएरै उनले शिक्षण पेसा रोजेका थिए। मृत्युपछि पनि मानिसको शरीर दुरुसत हुनुपर्ने परम्परागत विश्वासका कारण पनि चीनमा मानिसले अंगदान गर्न नरुचाउने गरेको विशेषज्ञहरूको भनाइ रहेको छ।

हङकङ अंग प्रत्यारोपण प्रतिष्ठानका अध्यक्ष डाक्टर केलिभन हो अंगदान गर्ने इच्छा व्यक्त गरिसकेका बिरामीलाई डाक्टरले पनि राम्ररी उपचार नगर्ने गलत सोचको कारण पनि मानिस अंगदान गर्न हिचकिचाउने गरेको बीबीसीलाई बताउँछन्। तैपनि पछिल्ला समयमा चीनमा अंगदान गर्नेको संख्या बढ्दै गएको र सन् २०१७ मा ५ हजार ३ सयभन्दा बढीले अंगदान गरेको डा. हो बताउँछन्।

# कडा आप्रवासी नीतिविरुद्ध अमेरिकामा प्रदर्शन




वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सरकारको कडा आप्रवासी नीतिविरुद्ध राष्ट्रभरि आयोजना हुने प्रदर्शनमा दसौं हजार अमेरिकी जनताको सहभागिता रहने अनुमान गरिएको छ। अमेरिकी सीमा क्षेत्रमा विछोडिएका आप्रवासी परिवारहरूको पुनर्मिलनको माग गर्दै अमेरिकामा ६ सय ३० भन्दा बढी कार्यक्रमको आयोजना हुन गइरहेको छ।

राष्ट्रपति ट्रम्प स्वयंले आफ्नो सरकारको विवादास्पद नीतिको अन्त्यका लागि औपचारिक आदेश दिइसक्दा पनि अझै करिब २ हजार बालबालिका आफ्ना सम्बन्धित परिवारबाट छुट्टिएको अवस्थामा रहेका छन्।

सो नीतिविरुद्ध देशभित्रै र अन्तर्राष्ट्रिय जगत्‌बाट व्यापक आलोचना हुन थालेपछि अन्ततः ट्रम्प उक्त नीतिबाट पछि हट्न बाध्य भएका थिए। मेक्सिकोबाट अवैध ढंगले अमेरिका प्रवेश गर्न खोज्ने आप्रवासीमाथि 'न्यून सहनशीलता' को नीतिअनुसार अपराधिलाई सरह व्यवहार गरी कानुनी कारबाही गर्ने कदम अघि बढाइएपछि ती बालबालिकाको स्थिति बिजोग भएको थियो।

आखिर अत्यन्तै जन दबाबका कारण ट्रम्प ती पीडित बालबालिकालाई हिरासत केन्द्रहरूमा आफ्ना अभिभावकसँग रहन दिने मनस्थितिमा पुगेका थिए।

तर, राजनीतिक समीक्षकहरूले गत ५ मे र ९ जुनमा परिवारबाट छुटेका २ हजार ३ सय ४२ जना बालबालिका र निका परिवारका बारे अझै सम्बोधन हुन नसकेको गुनसो गरेका छन्। यसै साताको शुरूमा कयालिफोर्नियाका एक न्यायाधीशले ३० दिनभित्र सम्पूर्ण परिवारको पुनर्मिलन गराउन आदेश दिएका थिए।

# बालिका बलात्कार गर्नेलाई मृत्युदण्डको माग



नयाँदिल्ली, (एजेन्सी)

केन्द्रीय भारतीय राज्य मध्यप्रदेशमा एक सात वर्षीया बालिकाको निर्मम बलात्कारलाई लिएर व्यापक जनआक्रोश बढिरहेका बेला प्रहरीले दुई जनालाई गिरफ्तार गरेको छ। शनिबार हजारौं मानिस सडकमा ओर्लेर पीडितलाई न्याय दिलाउन माग गरेका छन्।

छुरा प्रहारसमेत भएको ती बालिकाको चिन्ताजनक स्थितिमा अस्पतालमा उपचार भइरहेको छ। प्रहरीका अनुसार मंगलबार उनलाई उनको विद्यालयबाहिर अपहरण गरिएको थियो। सो राज्यका मुख्यमन्त्रीलगायत सम्पूर्ण जनताले दोषीलाई मृत्युदण्डको माग गरेका छन्।

मुख्यमन्त्री शिवराज चौहानले पत्रकारलाई बताएका छन्- 'यस्तो निदन्नीय अपराध गर्ने जनावरहरू पृथ्वीको बोझ हुन्, तिनीहरूलाई बाँच्ने अधिकार छैन। मध्यप्रदेश राज्यका वकिल संघले पनि ती बलात्कारीको तर्फबाट बहस गर्न अस्वीकार गरेको छ।

बुधबार रक्ताम्य र बेहोस हालमा भेटिएकी ती बालिकाको ज्यान खतरामुक्त भए पनि उनको चोटहरू निको हुन लामो समय लाग्ने डाक्टरले बताएका छन्। प्रहरीले विद्यालय नजिकको सीसीटीभी फुटेजको आधारमा तिनीहरूलाई पक्राउ गरिएको बताइएको छ। सो फुटेजमा एक बलात्कारीले बालिकालाई चकलेट दिएर हिँडेको स्पष्ट देखिन्छ।

# सयौंपटक बम आक्रमणको धम्की दिने किशोर !

जेरुसेलम, (एजेन्सी)

इजरायलको एक अदालतले एक १९ वर्षीय अमेरिकी-इजरायली किशोरलाई यहुदी विद्यालय र सामुदायिक केन्द्रहरूमा बम पड्काउने वा आक्रमण गर्ने सयौंपटक धम्की दिएको अभियोगमा दोषी ठहर गरेको छ। माइकल रोन डेविड काडार नामक ती किशोरलाई जबरजस्ती पैसा असुलेको, मुद्रा अपचलन गरेको र एक प्रहरी अधिकारीलाई उत्पीडन गरेको अभियोगमा पनि दोषी ठहराइएको छ। उनले इनटरनेट मार्फत अमेरिका, क्यानडा, न्युजिल्यान्ड र अस्ट्रेलिया टेलिफोन गरी झुटो सूचना दिने गरेका थिए।

उनको चेतावनीका कारण मानिसलाई तत्काल अन्यत्र सुरक्षित स्थानमा सार्नुपरेको थियो भने यहुदी नेताहरू निकै तनावमा परेका थिए। थुप्रैपटक उनको झुटो र धम्कीपूर्ण सूचनाका कारण विभिन्न एयरलायन्सले आफ्ना विमानहरूको आपतकालीन अवतरण गराएका थिए। अमेरिकी र इजरायली सरकारलगायत अमेरिकाको संघीय जाँचबुझ ब्युरो (एफबीआई) को अनुसन्धानपछि काडारलाई सन् २०१७ को मार्चमा इजरायली शहर आस्केलोनमा गिरफ्तार गरिएको थियो। उनीविरुद्ध यहुदी निकाय एयरलायन्स, विमानस्थल, प्रहरी कार्यालय, अस्पताल र खेल आयोजना स्थलहरूमा २ हजारभन्दा बढी बमको धम्की दिएको अभियोग लगाइएको हो। उनले सन् २०१५ देखि यस्तो काम गर्न थालेको भए पनि उनले १८ वर्ष उमेर पुगेपछि अर्थात् सन् २०१६ देखि गरेका अपराधविरुद्ध मात्र मुद्दा चलाइएको इजरायली वकिलहरूले बताएका छन्।

उनले दिएको सूचनाको कारण २०१७ को फेब्रुअरीमा थुप्रै बेलायती यहुदी विद्यालयहरू र लन्डनस्थित यहुदी संग्रहालय सुरक्षाको दृष्टिकोणले खाली गराइएको थियो। उनले लन्डनबाट अमेरिकाको न्युयोर्कतर्फ हुने ब्रिटिस एयरवेजका उडानहरूमा पनि धम्की दिएका थिए।




# नाङ्गो तस्वीर खिचाएकोमा विवाद



जेरुसेलम, (एजेनसी)

यहुदीको अत्यन्तै पवित्र स्थानमध्ये एकमा नाङ्गै तस्वीर खिचाएकोमा इजरायलमा एक बेल्जिमयकी मोडलको कडा आलोचना हुन थालेको छ। मारिसा पापेन नामक ती मोडलले जेरुसेलमको वेस्टर्न वालतर्फ फर्किने एउटा घरको छतमा खिचाइएका नाङ्गा तस्वीरहरू आफ्नै निजी वेबसाइटमार्फत सार्वजनिक गरेकी थिइन्।

सो पवित्र स्थलका राब्बीले यो निकै गम्भीर र दुःखलाग्दो घटना भएको जनाएका छन्। गत वर्ष पनि लुक्जोरस्थित एउटा प्राचीन इजिप्सियन मन्दिरमा नाङ्गा तस्वीर खिचेको आरोपमा पापेनलाई केहीबेर हिरासतमा लिइएको थियो।

उनले शनिबार 'दि वाल अफ सेमु शीर्षकमा ती तस्वीरहरू सार्वजनिक गरेकी थिइन्। उनले गत मे महिनामा भएको आफ्नो तीनदिने इजरायल भ्रमण संयोगवश जेरुसेलममा अमेरिकी दूतावास खोल्ने विवाद चलिरहेको बताएकी छिन्।